रामनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ मिति : २०७५/१/३०

# भाग १

## रामनगर गाउँपालिका

नेपालको संविधान, २०७२ ले दिएको अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम रामनगर गाउँपालिकाको गाउँसभाले गरेका निर्णयहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**रामनगर गाउँपालिकाको पहिलो गाउँसभा, २०७४ पुष ले गरेका निर्णयहरु**

**मिति २०७४/९/१४ गते शुक्रवार**

**निर्णय (१)** गत आ.व. २०७३/०७४ को आय व्यय सर्व सम्मत निर्णयबाट अनुमोदन गरियो ।

**निर्णय (२)** चालु आ.व. २०७४/०७५ को वार्षिक बजेट, निति तथा कार्यक्रम सर्वसम्मत निर्णयबाट अनुमोदन गरियो ।

**निर्णय (३)** विधेयक समितिले पारीत गरेर कार्यपालिकावाट स्वीकृत भएका तपसिल बमोजिमका विधेयकहरु सर्वसम्मत

निर्णयबाट अनुमोदन गरियो ।

तपसिल

१. अर्थिक कार्यविधि ऐन २०७४

२. कृषि व्यवसाय प्रवर्धन ऐन , २०७४

३. आर्थिक ऐन २०७४

४. आर्थिक विनियोजन विधेयक २०७४

**निर्णय (४)** साविकको गा.वि.स. सिसौट, रामनगर वहुअर्वा ,खैर्वा र गडहियाको आ.व. २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन अनुसार पेश्की बेरुजु रहेको रकम असुल उपर गर्न आवश्यक कार्यवाही गर्ने निर्णय गरियो ।

**निर्णय (५)** यस श्री रामनगर गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा जिल्ला बाट खटिआएका शिक्षा, स्वास्थ्य , आदि विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई २० प्रतिशत स्थानिय भत्ता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय (६)** सामाजिक परीचालकको सेवा सम्बन्धमा प्रस्ताव नं. ६ माथि छलफल गर्दा LGCDP कार्यक्रम अन्तर्गत साविक गा.वि.स. हरुमा कार्यरत सामाजिक परीचालकहरुलाई संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखाको मिति २०७४/०९/२४ च.नं. २६ को पत्रानुसार मिति २०७४ पौष १७ देखि सेवा समाप्त गरिएको र सोहि परिपत्रको बुँदा ४ अनुसार उत्कृष्ट सेवा गरेको सामाजिक परिचालकलाई गाउँपालिकाकाले बजेटको व्यवस्था गरी सोही बकोजिम यस गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरुलाई गाउँपालिकाबाट आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरी निजहरुको सेवालाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय (७)** यस गाउँपाीलिका अन्तर्गत रहेको सम्पुर्ण ऐलानी, पर्ती र सार्वजनिक जग्गाहरु गाउँपालिकाको तर्फबाट अमिन खटाएर नाप जाँच गरी गाउँपालिकाको संरक्षणमा लिने निर्णय गरियो ।

**निर्णय (८)** यस गा.पा. अन्तर्गत विभिन्न वडाहरुमा रिक्त रहेको कार्यालय सहयोगीको पदहरुमा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसारको प्रकृया पुऱ्याई नियुक्ति गर्ने सर्व सम्मतले निर्णय गरियो ।

**निर्णय (९)** यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा करार सेवामा नियुक्ति भएका कार्यालय सहयोगीहरुको म्याद पौष मसान्त पछि नथप्ने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय (१०)** रामनगर गाउँपालिकाको वडा नं १ मा रहेको खैर्वा बजारको ठेक्का अगामी आ.व. २०७५/०७६ को लागी यसै गाउँकार्यपालिकाबाट गर्ने भनि निर्णय गरियो ।

**निर्णय (११)** यस गाउँपालिकामा तपसिल अनुसारको योजनाहरुको कार्यान्वयनका लागी आवश्यक बजेट ,प्राविधिक तथा अन्य सहयोगको लागी केन्द्र तथा प्रदेश सरकारलाई माग गर्ने गरियो ।

तपसिल

१. सिसौट र खैर्वामा बर्थिङ्ग सेन्टर निर्माण

२. रामनगर वडा नं. ४ देखि २ सम्मको वागमति छेउ सम्मको वाटोमा निर्माण -कल्भर्ट समेत )

३. सिंचाइको लागि नहरको विस्तार तथा स्तरोनति कार्य ।

**निर्णय (१२)** तपसिल अनुसारको योजनाहरु यस गाउँपालिकामाा कार्यरत विभिन्न संघ संस्थाहरुबाट संचालन गराउने निर्णय गरियो ।

तपसिल

१. वागमति मा.वि. सिसौटको भवन निर्माण ।

२. वन्डा पइन सिसौटको कल्भर्ट निर्माण ।

३. मलघट्टा देखि रामवन जाने बाटोमा कल्भर्ट निर्माण

४. खैर्वा देखि धुर्वा जाने बाटोमा कल्भर्ट निर्माण

५. रामनगर मनुष्मारा पूलदेखी विर्ता टोल जाने बाटोमा कल्भर्ट निर्माण

**निर्णय (१३)** गाउँपालिकाका वडा अध्यक्षहरु तथा फिल्डमा काम गर्नुपर्ने कर्मचारीहरुको लागि आन्तरीक श्रोतको व्यवस्था गरी मोटरसाइकल खरिद गर्ने तथा वडाध्यक्षहरु लगायत कार्यपालिकाको सम्पूर्ण सदस्यहरुको लागि गाउँपालिकाको तर्फबाट एक-एक सेट मोबाइल खरीद गर्ने निर्णय गरियो ।

**निर्णय (१४)** यस गाउँपालिकाको वडा नं. १ देखि ७ बाट आएको योजनाहरुमा प्रत्येक वडामा रु. १ करोड २४ लाख मात्रको योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय (१५)** यस गाउँपालिकाका वडा अध्यक्ष र उपाध्यक्ष द्धारा प्रस्ताव गरिएका योजनाहरु सम्बन्धित पदाधिकारी -अध्यक्ष र उपाध्यक्ष) द्धारा नै संचालन गराउने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय (१६)** रामनगर गाउँ कार्यपालिकाको नयाँ भवनको निर्माण साविकको रामनगर वहुअर्वाको गा.वि.स. भवन रहेको ऐलानी जग्गामा नै गर्ने गरी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय (१७)** यस गाउँपालिका भित्र रहेका विभिन्न सेवा समुहमा करार सेवामा कर्मचारी नियुक्ति गर्नको लागि कार्यपालिकाबाट आवश्यक कार्यविधि बनाई कर्मचारी नियुक्ति सिफारिस समिति गठन गरी गर्ने तथा हाल जिल्ला समन्वय समिति सर्लाहीको ब्रम्हपुरी गाउँपालिकामा काजमा रहेको सब इन्जिनियर रामलोचन

महतोलाई अर्को व्यवस्था नहुन्जेल सम्मका लागि गाउँपालिकाको थप जिम्मेवारी दिई प्राविधिक कार्य हेर्ने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय (१८)** गाउँपालिका अध्यक्ष श्री कृष्णप्रसाद वर्मालाई गाउँपालिका तथा जिल्ला सदरमुकाम सम्म अनुगमन तथा भ्रमणको लागि पटकपटक गरी बढीमा महिनाको २० दिन सम्मका लागी दैनिक रु. ४,०००(चार हजार) का दरले गाडी भाडा तथा २०० लिटर सम्मको डिजलको खर्च उपलब्ध गराउने निर्णय गरियो साथै यस गाउँपालिकाको सशर्त अनुदान बाहेकका पुँजीगत तथा चालु खर्चको भुक्तानी गाउँपालिका अध्यक्षको टिप्पणी आदेश अनुसार मात्र भुक्तानी दिने निर्णय गरियो । गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष मार्फत विनियोजत बजेटको संचालन खर्च निजहरुको स्व. विवेकमा आवश्यकता अनुसार खर्च हुने तथा वित्तिय समानीकरणको चालुखर्चको शिर्षक नं. १७ को अन्य सेवाबाट चार जनालाई पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो । गाउँपालिका क्षेत्र भित्रका गाउँस्तरीय सडक ३० फिट चौडा गर्ने निर्णय सर्वसहमति बाट गरियो ।

## रामनगर गाउँपालिकाको विशेष गाउँसभा, २०७४ फागुन ले गरेका निर्णयहरु

### मिति २०७४/११/१६ गते बुधवार

**निर्णय (१)** आ.व. २०७४/२०७५ मा संचालित हुने कार्यक्रमको लागी विनियोजित बजेट हेरफेर हुने गएको र कतिपय कार्यक्रम कार्यन्वयन गर्न विभिन्न कारणबाट सम्भव नभएको साथै स्थानिय वासिन्दाहरु समेतबाट प्रस्तावित योजना परिवर्तन गर्न अनुरोध भएकोले प्रस्तावित योजना संशोधन गरि दिन हुन भनि सदस्यहरुबाट अनुरोध भई आएको । सो सम्बन्धमा गाउँ कार्यपालिकामा छलफल गर्दा प्रस्तावित योजनाहरु संशोधन गर्न आवश्यक भएकोले मिति २०७४/११/१६ गतेका दिन गाउँसभा बैठक बस्ने निर्णय भएको । सदस्यहरुको अनुरोध बमोजिम प्रस्तावित योजना संशोधन सम्बन्धमा यस सभामा छलफल हुँदा प्रस्तावित कार्यक्रम संशोधन गरी यसै साथ संलग्न संशोधित योजनाहरु संचालन गर्ने निर्णय सर्वसहमति बाट गरियो ।

......................

आज्ञाले

धैर्यनाथ सिंह

नि.प्रमूख प्रशासकीय अधिकृत

मुल्य रु. १०/-